गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
# डिभिजन वन कार्यालय, नवलपुर
नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)
नेपाल

पत्र संख्या : २०८२/०८३
चलानी नं.:

फोन नं. : ०७८-५४०१३५
Email : dfonawalpur@gmail.com

मिति : २०८२/०६/३१
ने.सं.११४५ कौलागा: एकादशी, शुक्रबार

## शिलबन्दी बोलपत्रद्वारा सिसौ र खयर जातको गोलिया/टुनटुक्रा काठ लिलाम बिक्री सम्बन्धीको सूचना ।

(सौर्य दैनिक, प्रथम पटक प्रकाशित मिति : २०८२/०६/३१)

यस कार्यालयलाई वन मुद्दामा (मुद्दा नं. ०८१-C२-०००५) मा बरामद भएको सिसौ जातको ७०७.१३ क्यू.फिट गोलिया काठ तथा जिल्ला नवलपरासी (ब.सु.पू.) बुलिङटार गा.पा. वडा नं. ६ को बिशालटार र वोटेटारी, बौदीकाली गा.पा. ३, थोत्रेनी र बौदीकाली गा.पा. २, सिंहटारीबाट वेवारिसे बरामद भई प्राप्त भएको खयर हर्टउड परिमाण कुल जम्मा १२८६.४९ क्यू.फिट गोलिया/टुनटुका काठको स्यापउड सहितको परिमाण १८०१.०९ क्यू.फिट गोलिया/टुनटुका काठ गरि सिसौ र खयर जातको कुल जम्मा परिमाण २५०८.२२ क्यू.फिट गोलिया/टुनटुका काठका लटहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नको लागि मिति २०८२/०६/३१ गते सौर्य दैनिक राष्ट्रिय दैनिक पत्रिकामा यो सूचना प्रथम पटक प्रकाशित गरिएको छ । गण्डकी प्रदेश वन नियमावली, २०८१ को नियम ७२ को उपनियम (४) बमोजिम लिलाम बिक्री प्रक्रियाका लागि गोलिया काठको हकमा प्रचलित कानून बमोजिम डिभिजन वन कार्यालयमा सूचीकृत भएका वन पैदावारमा आधारित उद्योग संञ्चालन गर्न इजाजत प्राप्त गरी सञ्चालनमा रहेका उद्योगहरुले सौर्य दैनिक पत्रिकामा यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनसम्म श्री वन निर्देशनालय, गण्डकी प्रदेश, पोखरा, श्री जिल्ला प्रशासन कार्यालय, नवलपरासी (ब.सु.पू) र यस कार्यालयबाट बोलपत्र फाराम खरिद गरी २२ औं दिन दिनको ३.०० बजे भित्र बोलपत्र खरिद गरिएकै कार्यालयमा शिलबन्दी बोलपत्र दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. लिलाम हुने गोलिया/टुनटुक्रा काठको विवरण

| क्र.सं. | प्लट | घाटगद्दी स्थान | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फिट.) | राजश्व रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं.: ३९-२०८२/०८३ | | | | | | | | | |
| १ | वन मुद्दा (०८१-C2-०००५) विना ईजाजत वन पैदावार कटान गरी ओसार पसार गरेको वन मुद्दा | सव डिभिजन वन कार्यालय, गैडाकोटको कार्यालय परिसर | सिसौ बृ. | गोलिया | B | ४९५ | ७०७.१३ | ३५३५६५.०० | |
| | | | | जम्मा : | | ४९५ | ७०७.१३ | ३५३५६५.०० | |

| क्र.सं. | प्लट | घाटगद्दी स्थान | जात | किसिम | ग्रेड | थान | हर्टउड परिमाण (क्यू.फिट.) | स्यापउड सहितको परिमाण (क्यू.फिट.) | राजश्व रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| लट नं.: ४०-२०८२/०८३ | | | | | | | | | | |
| २ | बुलिङटार गा.पा. वडा नं. ६, वोटेटारीबाट वेवारिसे बरामद परेको | सव डिभिजन वन कार्यालय, गैडाकोटको कार्यालय परिसर | खयर | गोलिया | A | ११४८ | ६६४.९२ | ९३०.८९ | ९३०८८८.०० | |
| | | | | | जम्मा : | ११४८ | ६६४.९२ | ९३०.८९ | ९३०८८८.०० | |

गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय नवलपुर

## नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)

नेपाल

पत्र संख्या : २०८२/०८३
चलानी नं.:

फोन नं. : ०७८-५४०१३५
Email : dfonawalpur@gmail.com

| क्र.सं. | प्लट | घाटगद्दी स्थान | जात | किसिम | ग्रेड | थान | हर्टउड परिमाण (क्यू.फिट.) | स्यापउड सहितको परिमाण (क्यू.फिट.) | राजश्व रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| लट नं.: ४१-२०८२/०८३ | | | | | | | | | | |
| ३ | बौदीकाली गा.पा. ३, थोत्रेनीबाट वेवारिसे बरामद परेको | सव डिभिजन वन कार्यालय, गैडाकोटको कार्यालय परिसर | खयर | गोलिया | A | २४६ | १७१.२४ | २३९.७४ | २३९७३६.०० | |
| | | | | | जम्मा : | २४६ | १७१.२४ | २३९.७४ | २३९७३६.०० | |
| लट नं.: ४२-२०८२/०८३ | | | | | | | | | | |
| ४ | बौदीकाली गा.पा. २, सिंहटारीबाट वेवारिसे बरामद परेको | सव डिभिजन वन कार्यालय, गैडाकोटको कार्यालय परिसर | खयर | गोलिया | A | ११३२ | ३३२.४९ | ४६५.४९ | ४६५४८६.०० | |
| | | | | | जम्मा : | ११३२ | ३३२.४९ | ४६५.४९ | ४६५४८६.०० | |
| लट नं.: ४३-२०८२/०८३ | | | | | | | | | | |
| ५ | बुलिङटार गा.पा. वडा नं. ६, बिशालटारबाट वेवारिसे बरामद परेको | सव डिभिजन वन कार्यालय, गैडाकोटको कार्यालय परिसर | खयर | गोलिया | A | २३५ | ११७.८४ | १६४.९८ | १६४९७६.०० | |
| | | | | | जम्मा : | २३५ | ११७.८४ | १६४.९८ | १६४९७६.०० | |
| | | | | | कुल जम्मा : | ३२५६ | १२८६.४९ | २५०८.२२ | २१५४६५१.०० | |

२. यस सूचनाको सक्षिप्त सूचना प्रकाशित भएको मिति (सौर्य दैनिकमा प्रथम पटक प्रकाशित भएको मिति २०८२/०६/३१) देखि २१ औं दिनसम्म कार्यालय समय भित्र बोलपत्र फाराममा उल्लेख भएको मूल्य यस कार्यालयको कावासोती स्थित रा.वा.बैंकमा प्र.ले.नि.का.को नाममा रहेको खाता नं. १०००१००२०००१०००० (कार्यालय कोड ३२९०१४६०१४, शिर्षक नं. १४२२९) मा जम्मा गरेको बैंक भौचर कार्यालयमा निवेदन सहित पेश गरेपछि (पछि फिर्ता नहुने गरी) श्री वन निर्देशनालय, गण्डकी प्रदेश, पोखराह श्री जिल्ला प्रशासन कार्यालय, नवलपरासी (ब.सु.पू) र यस कार्यालयबाट बोलपत्र खरिद गर्न सकिने छ । बोलपत्र खरिद गर्नको लागि प्रोपाइटर आफै उपस्थित नभई प्रतिनिधि पठाएमा प्रोपाइटरको मन्जुरीनामा निवेदन साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । निवेदन साथ आवश्यक कागजातहरु (नेपाली नागरिकताको प्रमाणपत्र, फर्म दर्ता प्रमाण पत्र, मु.अ.कर दर्ता वा स्थायी लेखा नम्बर, कर चुक्ताको प्रमाणपत्रको प्रतिलीपी र उद्योग सूचिकरण भएको प्रमाणपत्र) अनिवार्य संलग्न हुनु पर्ने छ । नागरिकता बाहेकका कागजातहरु नियमानुसार नवीकरण भएको हुनु पर्ने छ ।

३. गण्डकी प्रदेश वन नियमावली, २०८१ को नियम ७२ को उपनियम (४) बमोजिम यस लिलाम बिक्री प्रक्रियाका लागि गोलिया काठको हकमा प्रचलित कानून बमोजिम डिभिजन वन कार्यालयमा सूचीकृत भएका वन पैदावारमा आधारित उद्योग संञ्चालन गर्न इजाजत प्राप्त गरी सञ्चालनमा रहेका उद्योगहरुले भाग लिन पाउनेछन् ।

४. बोलपत्र दाखिला सूचना प्रकाशित भएको मितिले २२ औं दिन दिनको ३.०० बजे भित्र गरिसक्नु पर्ने छ ।

गण्डकी प्रदेश सरकार
वन, तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय नवलपुर

नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)
नेपाल

पत्र संख्या : २०८२/०८३
चलानी नं.:

फोन नं. : ०७८-५४०१३५
Email : dfonawalpur@gmail.com

५. बोलपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

६. बोलपत्रसाथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस कार्यालयको कावासोती स्थित रा.वा.बैंकमा रहेको धरौटि खाता नं. ३२००१००२०२०३०००० (कार्यालय कोड ३२९०१४६०१४) मा जम्मा गरेको बैंक भौचर वा यस कार्यालयको नाममा खिचिएको बैंक ड्राफ्ट्र वा कम्तिमा छ महिना अवधिको बैंक जमानत पत्र मध्ये कुनै एक समावेश हुनु पर्नेछ ।

७. लिलाम बढाबढ हुने वन पैदावार (गोलिया/टुनटुका काठ) यस कार्यालयमा सम्पर्क राखी घाटगद्दी स्थानमा गई हेर्न सकिनेछ ।

८. दाखिला भएको बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्दछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । **बोलपत्रमा कालो मसि प्रयोग गरि लेख्नु पर्नेछ ।**

९. शिलबन्दी बोलपत्रमा लाहाछाप लगाईएको हुनु पर्नेछ ।

१०. बोलपत्र खरिद गर्दा लट अनुसार बेग्ला बेग्लै खरीद गरी दाखिला गर्दा पनि बेग्ला बेग्लै दाखिला गरी खाम बाहिर प्रष्ट लट नं. उल्लेख गरेको हुनु पर्ने छ । फोटोकपी गरी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन ।

११. श्री वन निर्देशनालय, पोखरा र जिल्ला प्रशासन कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा दर्ता भएका शिलवन्दी बोलपत्रहरु प्राप्त हुन आएपछि निर्धारण गरिएको न्यूनतम संख्या र रीतपूर्वक दर्ता भएका बोलपत्रहरु यस कार्यालयमा प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र खोल्ने वारेको सूचना कार्यालयको सूचना पाटीमा टांस गरिनेछ ।

१२. लिलाम स्वीकृति भएको जानकारी कार्यालयको सूचना पाटीमा प्रकाशित गरिनेछ । सोको जानकारी लिने दायित्व बोलपत्रदाताको समेत रहने छ । बोलपत्र स्वीकृत भएको सूचना प्रकाशित भएको वा जानकारी प्राप्त भएको मितिले ४५ दिनभित्र सकार गरेको रकम, निर्धारित मू.अ.कर, अग्रिम आयकर र नियमानुसार लाग्ने संकलन खर्च (बोलपत्र फारममा उल्लेख भएको) बुझाई वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्ने छ ।

१३. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार सम्बन्धित निकायमा सुरक्षित रहने छ ।

१४. यो सूचना बमोजिम बोलपत्र पेश गरिसकेपछि सुचनाका शर्त सम्वन्धमा आई पर्ने अन्य बिबादहरु स्वत अमान्य हुनेछन् ।

१५. सकारकर्ताले सकार रकम, संकलन खर्च र नियमानुसार लाग्ने मुल्य अभिबृद्धि कर तथा अग्रीम आय कर दाखिला गरिसके पछि कार्यालयबाट लिलाम गरिएको गोलिया काठको नियमानुसार बढीमा २१ दिन सम्मको म्याद दिई छोडपूर्जी दिन सकिने छ ।

१६. अन्य कुराको हकमा प्रचलित ऐन, नियम र वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिाका, २०७३ बमोजिम हुनेछ ।

१७. सूचना बमोजिम बोलपत्र पेश गरी सकेपछि सूचनाका शर्त सम्बन्धमा उठाईने कुनै विवाद स्वतः अमान्य हुनेछ ।